# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संखया :२० माघ ११, २०८१

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/१०/१० गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका भित्र विपद जोखिम न्यूनिकरण सम्बन्धमा सूचना प्रसारण गर्ने, विपद व्यवस्थापनको लागि पम्प तयारी अवस्थामा राख्ने, पानीको व्यवस्था मिलाउने र विपद जोखिम न्यूनिकरणका लागि आवश्यक सामाग्रीको व्यवस्था मिलाउने निर्णय गरियो । |
| ३ | सिद्धार्थ सामुदायीक सिकाई केन्द्र सञ्चालनको लागि व्यवस्थापन समितिको पुनर्गठन गरी सामाजिक परिचालक नियुक्ति गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| ४ | गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरु मध्ये कुनै विद्यालयमा दरबन्दी रिक्त रहेको अवस्थामा अर्को सामुदायीक विद्यालयबाट सरुवा हुन चाहेमा माध्यमिक तह तथा निम्न माध्यमिक तहको हकमा अध्यापन विषय समेत मिलाई दोहोरो विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले आन्तरिक सरुवा गरि जिल्ला शिक्षा विकास तथा समन्वय कार्यालयलाई विवरण अध्यावधिकको लागि जानकारी गराउने निर्णय गरियो । |
| ५ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार यस गुल्मीदरबार गाउँपालिकामाको आ.व.२०८०/०८१ मा भए गरेका कामहरुको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि तोकिएका १० वटा विषयगत क्षेत्रका १०० वटा सूचकको मूल्याङ्कनको आधारमा भएका प्रमाणहरुलाई हेर्दा ८६.७५ अंक प्राप्त भएकोले यस मूल्याङ्कनलाई सर्वसहमतिले अनुमोदन गरि छलफलका लागि गाउँ सभामा पेश गर्ने र संस्थागत स्वमूल्याङ्कनको सुधारको लागि आवश्यक नीति तथा गर्नुपर्ने क्रियाकलापहरु पहिचान गरि पेश भएको कार्ययोजना समेत अनुमोदन गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको आधारभूत अस्पताल व्यवस्थापन समितिमा कार्यविधि बमोजिमका सदस्यहरु तपशिल बमोजिम मनोनित गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. कुमारी दनुवार पुवारे कार्यपालिका सदस्य<br>२. ईश्वरी परियार कार्यपालिका सदस्य<br>३. कृष्ण खनाल व्यापारी प्रतिनिधि<br>४. सूर्य बहादुर फूङ्गजेली प्र.अ. थाक्सिपोखरा मा.वि.<br>५. मीना पौडेल म.स्वा.स्व.सेविका |
| ७ | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा रहेको नमूना सामुदायीक वनको म्यालपोखरीमा रहेको जग्गामा भवन निर्माणको लागि प्रक्रिया अगाडी बढेको हुँदा उक्त जग्गाको प्राप्तिको लागि १२ रोपनी जग्गा सट्टा भर्ना दिनु पर्ने भएको हुँदा यस अघि निःशुल्क जग्गा उपलब्ध गराउने सूचना बमोजिम कुनै पनि निवेदन नपरेको हुँदा गुल्मीदरबार गाउँपालिका भित्र सःशुल्क १२ रोपनी जग्गा उपलब्ध गराउने सम्बन्धी १५(पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो । |
| ८ | विविध विषयमा गरिएका निर्णयहरुः<br>१. राजा घुम्ति उरिमडाँडा बीरमान पुर्खे मोटर बाटो मर्मतको लागि लाग्ने खर्च रकम रु. १११०००।– मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी गर्ने गरि काम गराउने । |

२. गुल्मीदरबार गाउँपालिका वडा नं. ७ निवासी प्रकाश कार्कीको गोठमा हुँदा पूर्ण रुपमा क्षति भएकोले गाउँपालिकामा आर्थिक सहायता माग गरिएको हुँदा निजलाई रु. ३५०००।– विपद व्यवस्थापन शिर्षकबाट रकम उपलब्ध गराउने ।

३. गुल्मीदरबार गाउँलिका वडा नं. ४ निवासी सूर्य बहादुर बलालको छोरी सुविका बलालको कानको अपरेशनको लागि धेरै खर्च भएकोले गाउँपालिकामा आर्थिक सहायता माग भई आएको हुँदा सम्बन्धित शिर्षकबाट रु.३००००।– उपलब्ध गराउने ।

४. वीरबास मिसुगा मोटर बाटोको बोलपत्रबाट घटेको रकम मध्ये गाउँपालिका तर्फको बचेको रकमबाट सोहि मोटर बाटोको थप काम गराई भुक्तानी गर्ने ।

५. गुल्मीदरबार गाउँपालिका वडा नं. २ निवासी सूर्य बहादुर थापाको आमा धन कुमारी थापाको क्यान्सरको उपचारको लागि आर्थिक सहायता माग भई आएको हुँदा सोही शिर्षकबाट रु.३५०००।– रकम उपलब्ध गराउने ।

६. गुल्मीदरबार गाउँपालिका वडा नं. २ को गौंडाकोट जुभुङ्ग मजुवा सडकमा वर्षातको समयमा मर्मतको लागि लेन्थ वर्कर लगाई कार्य गराएको भनी २ नं वडा कार्यालयको सिफारिस सहित रु.११९२५०।– बराबर रकम भुक्तानी माग भई आएको हुँदा मर्मत संभार खर्च शिर्षकबाट उक्त रकम भुक्तानी गर्ने ।

७. वडा नं. २ र ४ को सिमाना सिस्ने खोलामा पक्कि मोटरेबल पुल निर्माणको काम शुरु भएकोमा निर्माण सामाग्री सम्बन्धित स्थानसम्म पुर्याउने ठूला सवारी साधनहरु आवत जावत गर्न कठिनाई भएकोले बीरवास सिस्ने सडक खण्डको २ वटा मोडमा ग्याभिन जाली उठाउनको लागि लागत स्टिमेट तयार पारी सोही बमोजिम कार्यान्वय गराउने ।

८. गुल्मीदरबार-५ र छत्रकोट गाउँपालिका जोड्ने मोटर बाटोमा सहज यातायात संचालन गर्न समस्या परेको हुँदा छर्रि बिच्छाउने लगायतको मर्मत कार्यको लागि लागत स्टिमेट तयार गरी कार्य गराइ मर्मत शिर्षकबाट भुक्तानी गर्ने ।

९. श्री शारदा मा.वि. गुल्मीदरबार-५ को दुई वटा भवनलाई जोड्ने पुल निर्माणको लागि लगत स्टिमेटका आधारमा रु. ५००००।– सम्मको रकम मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी गराउने ।

१०. वडा नं. ४ को सभाहल व्यवस्थापनको लागि लागत स्टिमेट तयार गरी कार्यान्वयन गर्ने ।

११. जोर्तेपोखरा बाल शिक्षा भवनमा २५ वटा प्लाष्टिक कुर्ची खरिद गरि उपलब्ध गराउने ।

१२. गुल्मीदरबार गाउँपालिकामा करारमा कार्यरत अ.हे.व. र अ.न.मी.हरुको मासिक पारिश्रमिक रु. २३०००।– रहेकोमा २०८१ फागुन देखि मासिक रु.२५०००।–का दरले उपलब्ध गराउने, करारमा कार्यरत कार्यालय सहयोगीहरुको मासिक पारिश्रमिक रु.१८८६०।– रहेकोमा २०८१ फागुन देखि मासिक पारिश्रमिक रु.२४०००।–का दरले उपलब्ध गराउने र गाउँपलिकाको खेलकुद शिक्षकको मासिक पारिश्रमिक रु.२५०००।– रहेकोमा २०८१ फागुन देखि मासिक पारिश्रमिक रु.३००००।– का दरले उपलब्ध गराउने साथै खेल शिक्षकलाई गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा खटाई खेलाडी उत्पादनमा प्रोत्साहन गर्ने ।

१३. गुल्मीदरबार गाउँपालिका वडा नं. ६ को हटियामा ढाका बुनाइका तानका सामाग्रीहरु राखेको घरको घर भाडा २०८१ श्रावण देखि २०८१ पुषसम्मको घर भाडा रकम मासिक रु. ६००० का दरले भुक्तानी गर्ने ।

१४. वीरबास स्वास्थ्य चौकीमा कार्यरत अधिकृत छैटौं ईन्दु घर्ती मगरले घरायसी कारणले असाधारण बिदा माग गरेको हुँदा बिदा स्वीकृतिको लागि सिफारिस गर्ने ।

| | |
|---|---|
| | १५. आशा अपाङ्ग केन्द्र, गुल्मीदरबार गाउँपालिका र प्रकाश थापा गुल्मीदरबार-७ बिच त्रिपक्षिय अपाङ्ग मैत्री शौचालय निर्माणको लागि मिति २०८१/०८/२७ गते सम्झौता भएको सम्झौता बमोजिम लागत साझेदारीको लागि रु.३००००।– गुल्मीदरबार गाउँपालिकाले लागत साझेदारी खर्च शिषकबाट उपलब्ध गराउने ।<br>१६. गुल्मीदरबार गाउँपालिका वडा नं. २ को हुल्टुङ्गमा निर्माण भएको भैरव मन्दिरको लागि जस्तापाता माग भई आएको हुँदा ५ बण्डल जस्तापाता उलपब्ध गराउने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत